# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, संखुवासभा

कोशी प्रदेश, नेपाल

# ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा संकलन र बिक्री सम्बन्धी बोलपत्र आह्वानको(Hard copy) सूचना

(प्रथम पटक प्रकाशित मितिः–२०८०/०८/२८)

यस नगरपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ को (६), सोही ऐनको दफा ६२क(१) र धर्मदेवी नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र बोलपत्र कागजातमा उल्लेखित शर्त अनुसार आर्थिक वर्ष २०८०/०८१ का लागि यस नगरपालिका क्षेत्र भित्रबाट बग्ने अरूण नदिको तोकीएका क्षेत्रहरूबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन् तथा संकलन र विक्री सम्बन्धी तपसिलको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले न्यूनतम ठेक्का अंकमा नघट्ने गरी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । बोलपत्र पेश गर्न बोलपत्रदाताहरुले कबोल अंकको ५%(पाँच प्रतिशत)ले हुन आउने धरौटी रकम नगदै भए यस कार्यालयको नाममा धर्मदेवी नगरपालिका, मुडेशनिश्चरे स्थित नेपाल एस. बि. आई. बैंक लि., धर्मदेवी शाखामा रहेको धरौटी खाता नं. 41325240600010 मा जम्मा गरी भौचर पेश गर्नु पर्नेछ । वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० दिन मान्य अवधि भएको बैंक जमानत (बिडबण्ड) धरौटी स्वरूप पेश गर्नु पर्नेछ । यो ठेक्काको ठेक्का अवधी ठेक्का सम्झौता भएको मिति देखि २०८१ साल जेठ मसान्त सम्म कायम हुनेछ । बोलपत्र खरीद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू क्रमशः लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ । यो बोलपत्र धर्मदेवी नगरपालिकाको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ। थप जानकारीका लागि धर्मदेवी नगरपालिका कार्यालय, मुडेशनिश्चरेको सूचना पाटी, वेबसाईटः–www.dharmadevimun.gov.np मा हेर्न सकिनेछ र कार्यालय समय भित्र आर्थिक प्रशासन तथा राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

## तपशिल :

| क्र. स. | आय ठेक्का नं. | ठेक्काको विवरण | कूल नदीजन्य पदार्थ उत्खनन् तथा संकलन (घन फिट) | न्यूनतम ठेक्का रकम (सेवा शुल्क र मु. अ. क. कर बाहेक) रू. | बोलपत्र फाराम दस्तुर रू. | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | DD-MUN-SQ-IR-01-2080/81 | अरूण नदीको तोकिएका क्षेत्रहरूबाट ढुङ्गा, गिटी, बालुवा उत्खनन् तथा संकलन र बिक्री | १८७,७६२.३५ | १३,५४,६७२।-(अक्षरेपी तेह्र लाख चउन्न हजार छ सय बहत्तर रूपैया) मात्र | १०००/- (अक्षरेपी एक हजार) मात्र | २०८०/०९/१३ दिनको ०२:०० बजे |

प्रमुख प्रशासकीय अधिकृत

धर्मदेवीनगरपालिका

# नगर कार्यापालिकाको कार्यालय

मुडेशनिश्चरे, सङ्खुवासभा,
कोशी प्रदेश, नेपाल

# BIDDING DOCUMENT

**Internal revenue collection of river-based materials (stone, gravel and sand) from Arun River.**

अरुण नदीबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा सङ्कलन र बिक्री) सम्बन्धी बोलपत्र

**आय ठेक्का नं.** DD-MUN-SQ-IR-01-2080/81

**Issued By :**
Dharmadevi Municipality
Office of the Municipal Executive
Mudesanischare, Sankhuwasabha
Koshi Province, Nepal.

# धर्मदेवीनगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मुडेशनिश्चरे, संखुवासभा
कोशी प्रदेश, नेपाल

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा सङ्कलन र बिक्री सम्बन्धी बोलपत्र आह्वानको(Hard copy) सूचना
(प्रथम पटक प्रकाशित मितिः-२०८०/०८/२८)

यस नगरपालिकाको आन्तरिक आय सङ्कलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ को (६), सोही ऐनको दफा ६२क(१) र धर्मदेवी नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र बोलपत्र कागजातमा उल्लेखित शर्त अनुसार आर्थिक वर्ष २०८०/०८१ का लागि यस नगरपालिका क्षेत्र भित्रबाट बग्ने अरुण नदिको तोकीएका क्षेत्रहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन् तथा सङ्कलन र विक्री सम्बन्धी तपसिलको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले न्यूनतम ठेक्का अङ्कमा नघट्ने गरी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । बोलपत्र पेश गर्न बोलपत्रदाताहरुले कबोल अङ्कको ५%(पाँच प्रतिशत)ले हुन आउने धरौटी रकम नगदै भए यस कार्यालयको नाममा धर्मदेवी नगरपालिका, मुडेशनिश्चरे स्थित नेपाल एस. बि. आई. बैङ्क लि., धर्मदेवी शाखामा रहेको धरौटी खाता नं. 41325240600010 मा जम्मा गरी भौचर पेश गर्नु पर्नेछ । वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० दिन मान्य अवधि भएको बैंक जमानत (बिडबण्ड) धरौटी स्वरुप पेश गर्नु पर्नेछ । यो ठेक्काको ठेक्का अवधी ठेक्का सम्झौता भएको मिति देखि २०८१ साल जेठ मसान्त सम्म कायम हुनेछ । बोलपत्र खरीद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ । यो बोलपत्र धर्मदेवी नगरपालिकाको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ। थप जानकारीका लागि धर्मदेवी नगरपालिका कार्यालय, मुडेशनिश्चरेको सूचना पाटी, वेबसाईटः- www.dharmadevimun.gov.np मा हेर्न सकिनेछ र कार्यालय समय भित्र आर्थिक प्रशासन तथा राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

**तपसिलः-**

| क्र.सं. | आय ठेक्का नं. | ठेक्काको विवरण | कूल नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन (घन फिट) | न्यूतम ठेक्का रकम (सेवा शुल्क र मु. अ. क. कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | DD-MUN-SQ-IR-01-2080/81 | अरुण नदीको तोकिएका क्षेत्रहरुबाट ढुङ्गा, गिटी, बालुवा उत्खनन् तथा सङ्कलन र बिक्री | १८७,७६२.३५ | १३,५४,६७२।- (अक्षरेपीःतेह लाख चउन्न हजार छ सय बहत्तर रुपैया) मात्र | १०००/- (अक्षरेपीःएक हजार) मात्र | २०८०/०९/१३ दिनको ०२:०० बजे |

प्रमुख प्रशासकीय अधिकृत

**शर्तहरुः-**

१. इच्छुक योग्यता पुगेका बोलपत्रदाताहरुले बोलपत्र फाराम पेश गर्दा कम्पनी दर्ता प्रमाण पत्र, मू.अ. कर (VAT) दर्ता प्रमाणपत्र र आ.व. २०७९/८०को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी तोकिएको बोलपत्र  कार्यालयबाट खरिद गरेको रसिद सहित पेश गर्नु पर्नेछ।
२.बोलपत्र दाखिला गर्न बोलपत्रदाताहरुले कबोल रकमको ५%(पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम नगदै भए यस कार्यालयको नाममा धर्मदेवी नगरपालिका, मुडेशनिश्चरे स्थित नेपाल एस. बि. आई. बैङ्क लि., धर्मदेवी शाखामा रहेको धरौटी खाता नम्बर **41325240600010** मा जम्मा गरी भौचर पेश गर्नु पर्नेछ । वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० दिन मान्य अवधि भएको बैंक जमानत (बिडबण्ड ) धरौटी स्वरुप पेश गर्नु पर्नेछ ।
३. तोकिएको समय भित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा धर्मदेवी नगरपालिकाको कार्यालयमा प्रथम पटक सूचना प्रकाशित मितिले १६ औ दिनको दिउँसो २:०० बजे खोलिनेछ । साथै बोलपत्रदाता वा निजहरुको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. बोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ ।
५. बोलपत्र जुन फर्मको नाममा खरिद गरिएको हो, सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ । कबोल रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
६.यस नगरपालिका कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकार वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार नगरपालिकाको कार्यालयमा निहित रहनेछ ।
७. बोलपत्रदाताले कबोल रकमको २ (दुई) किस्ता गरी नगरपालिका कार्यालयलाई बुझाउनु पर्नेछ । पहिलो किस्ता कबोल रकमको ५०%(पचास प्रतिशत) र दोस्रो किस्ता कबोल रकमको ५०%(पचास प्रतिशत) हुनेछ । पहिलो किस्ता वापतको ५०%(पचास प्रतिशत) रकम सम्झौता हुनु अगावै र दोस्रो किस्ता वापतको ५०%(पचास प्रतिशत) रकम २०८१ बैशाख मसान्त सम्म बुझाउनु पर्नेछ । पहिलो किस्ता नगदै र दोस्रो किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको २०८१ साल असार मसान्त सम्म मान्य अवधि भएको पर्फमेन्स वण्ड (बैंक ग्यारेन्टी) सम्झौता हुनु अगावै पेश गर्नु पर्नेछ ।
८. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन, नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयम्ले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । साथै कुनै कारणवस कर सङ्कलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाह दाबी गर्न नपाइने र सो छुट मिनाह दिन कार्यालय बाध्य हुने छैन।
९. बोलपत्रदाताले नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन हुने घाटगद्दी स्थल सम्बन्धि खर्चहरु स्वयम आफैले व्यहोर्नु पर्नेछ।
११. ठेक्का सम्झौता अवधिका सम्बन्धमा यो ठेक्काको ठेक्का अवधी ठेक्का सम्झौता भएको मिति देखि २०८१ साल जेठ मसान्त सम्म कायम हुनेछ । २०८१ आषाढ महिना भर नदीबाट उत्खनन् गर्न पाईने छैन

तर उत्खनन् तथा सङ्कलन भएका नदीजन्य पदार्थ मौज्दात प्रमाणित गराई बिक्री वितरण गर्न प्रतिबन्ध लगाईने छैन ।

१२. ठेक्का अवधि भर बोलपत्रदाताले ठेक्का तोड्न पाउने छैन । बिचैमा बोलपत्रदाताले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १०%(दश प्रतिशत) ब्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधीका लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि ठेक्का तोड्नु पूर्व बोलपत्रदाताबाट असुल उपर गरिनेछ ।

१३. नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन गर्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार तोकिएको परिमाण र क्षेत्र भित्र मात्र सिमित रही नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन गर्नु पर्नेछ। सो तोकिएको परिमाण तथा क्षेत्र भन्दा बाहिर गई नदीजन्य पदार्थ निकाल्न पाईने छैन । साथै नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन समय बिहान सूर्योदय देखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ। सडक पुल तथा झोलुङ्गे पुलको एक किलोमिटर तल र पाँचसय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन् तथा सङ्ककलन गर्न पाईने छैन र नदीको मध्यम भागबाट तोकिएको मापदण्ड भन्दा गहिरो नहुने गरी नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन गर्नु पर्नेछ । साथै महत्वपूर्ण राष्ट्रिय राजमार्गहरुमा सुख्खा नदीजन्य पदार्थ मात्र ओसार पसार गर्नु पर्नेछ ।

१४. ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन सहित) मापदण्ड, २०७७ पालना गर्नुपर्नेछ ।

१५. नगर कार्यपालिकाको कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा तोकिएको अरुण नदी किनाराका देहायका स्थलहरु बाहेक अन्य स्थानबाट कसैले पनि नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन गर्न पाईने छैन । यसरी घाटगद्दी स्थल तोकिएको स्थान बाहेक अन्यत्रबाट नदीजन्य पदार्थहरु (ढुङ्गा, गिट्टी तथा बालुवा ) उत्खनन् तथा सङ्कलन गरेको पाईएमा जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानीका साधनहरु जफत समेत गर्न सकिनेछ ।

१६. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिम ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा सङ्कलन गर्न तोकिएका ४ (चार) वटा घाटगद्दी स्थलहरुको अवस्थिति तथा विवरण तपसिल बमोजिम रहेको छ ।

**तपसिलः-**

| क्षेत्र | स्थानीय घाटको नाम | उत्खनन् तथा सङ्कलन गरिने वस्तु | उत्खनन् तथा सङ्कलन परिमाण (घ. फि.) |
|---|---|---|---|
| साइट १ | अरुण खोला | ढुङ्गा, गिटी तथा बालुवा | १८७७६२.३५ |

१७. ठेकेदारले कर सङ्कलन गर्ने स्थानमा कर सङ्कलन गरिने नदीजन्य पदार्थहरुको मूल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ । साथै नदीजन्य पदार्थ सङ्कलन गर्ने घाटमा समय र परिमाण खुल्ने गरी होर्डिङ्ग वोर्ड ठेकेदार स्वयमले राख्नु पर्नेछ ।

१८. नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन र ढुवानीको लागि प्रयोग हुने सडकहरुमा खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्बन्धित ठेकेदारले गर्नु पर्नेछ । सो बाफतको खर्च दावी गर्न पाईने छैन ।
१९. ठेक्का सम्बन्धी रसिदहरु ठेकेदार आफैले छपाई उक्त रसिदहरु कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाईएको पाईएमा कानून बमोजिम कारवाही हुनेछ ।
२०. विपद् व्यवस्थापन तथा अति आवश्यक बाटो मर्मतका लागि नगरपालिकाले नगरपालिकाको आफ्नो स्रोत र साधन प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन गरी मर्मत गर्न सक्नेछ । उक्त कार्यको लागि कुनै किसिमले बाधा पर्नेछैन ।
२१. ठेकेदारले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसारको परिमाण कोशी प्रदेश बाहेक अन्य प्रदेशमा निकासी गर्दा नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ ।
२२. माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० र नेपालको प्रचलित कानून बमोजिमहुनेछ ।

# धर्मदेवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मुडेशनिश्वरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

**नदीजन्य पदार्थको सङ्कलन तथा बिक्री सम्बन्धी कार्यको लागि कबोल गरेको रकमको विवरण**

| आय ठेक्का नं. | ठेक्का विवरण | कूल नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन परिमाण (घन फिट) | न्यूनतम ठेक्का रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) रु. | कबोल रकम (मू.अ. कर बाहेक) रु. | | धरौटी रकम (बोलपत्रदाताले कबोल गरेको अङ्कको ५%) रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अङ्कमा | अक्षरमा | | |
| DD-MUN-SQ-IR-01-2080/81 | अरुण नदीको तोकिएका क्षेत्रहरुबाट ढुङ्गा, गिटी, बालुवा उत्खनन् तथा सङ्कलन र बिक्री | १८७,७६२.३५ | १३,५४,६७२।- (अक्षरेपीः तेह्र लाख चउन्न हजार छ सय बहत्तर रुपैया) मात्र | | | | |

**पेश गर्नुपर्ने कागजातहरु :-**

१. फर्म, कम्पनी वा व्यवसाय इजाजतको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. बोलपत्र खरिद गरेको रसिद, धरौटीको सक्कल भौचरको स्क्यान प्रति वा बैंक ग्यारेन्टी (विड वण्ड) प्रति।
३. आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. अख्तियारीनामा ।
५. अन्य कुनै थप कुरा वा विवरण भए पेश गर्न सकिनेछ ।
६. बोलपत्रदाता आफु यस अघि कुनैपनि खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिदकारबाहीमा आफ्नो कुनै स्वार्थ नबाझिएको र सम्बन्धिसजाय नपाएको घोषणा गर्दछु भनी हस्ताक्षर गर्ने।

फर्म (बोलपत्रदाता) को नाम र ठेगाना :- रजिष्टर्ड नं.:-
प्रोप्राईटरको नाम, थर :- फोन / सम्पर्क नं. :
फर्मको आधिकारिक हस्ताक्षर :- फर्मको छाप :-
मिति